श्री जुम्ला जिल्ला अदालत
मानानीय जिल्ला न्यायाधीश श्री श्यामलाल घिमिरे
<u>जिल्ला वन कार्यालय जुम्लाको निरिक्षण प्रतिवेदन २०७६</u>

न्याय प्रशासन ऐन २०७३ को दफा २१ तथा जिल्ला अदालत नियमावली २०७५ को नियम ९४ बमोजिम डिभिजन वन कार्यालय जुम्लाको मुद्दा मामिला सम्बन्धी काम कारवाही आज मिति २०७६।०१।०६ गते निमित्त डिभिजन वन अधिकृत सन्तोष कुमार झा तथा डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थितिमा निरिक्षण सम्पन्न गरियो ।निरिक्षणको क्रममा देखिएका तथ्यगत विषयवस्तु र कार्यविधिमा आवश्यक सुधारका लागी देहाय बमोजिम निर्देशन दिइएको छ ।

→ डिभिजन वन कार्यालय जुम्लाको यस आ.व. २०७५/०७६ को निरिक्षण मिति २०७६।१।६ गते सम्म यस कार्यालयमा वन ऐन, २०४९ अन्तर्गत जम्मा २ थान मुद्दा बाँकि रहेको पाइयो ।

→ उक्त २ थान मुद्दाहरु मध्ये अस्थायी प्रहरी चौकी गर्ज्याङकोटको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सुक बहादुर बुढा समेत भएको विनाइजाजत वन पैदावार सेतक चिनि ओसार पसार मुद्दा मिति २०७३।१।३० मा दर्ता दायर भई तिनैजना प्रतिवादीहरु धरौटी तारेखमा रिहा भई हाल तारिखै गुजारि बसेको देखिंदा उक्त मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरि फैसला गर्न ढिला नगर्नु होला भन्ने समेत व्यहोराको गत आ.व. २०७४/०७५ मा यस अदालतबाट भएको निरिक्षण निर्देशन कार्यान्वयन भएको नदेखिंदा निरिक्षण निर्देशन पालना गर्ने तर्फ विशेष ध्यान दिनु होला र मुद्दाको अंग पुऱ्याई समयमै फछ्र्यौट गर्ने तर्फ सजग रहनुहोला ।

→ त्यस्तै जिल्ला प्रहरी कार्यालय जुम्लाको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जिवन हमाल समेत भएको सल्ला जातको काठ ओसार पसार मुद्दा मिति २०७५।३।८ मा दर्ता भई प्रतिवादीहरु धरौटी तारेखमा छुटी गई प्रतिवादीहरुलाई तोकिएको मिति २०७५।४।२८ को तारेख गुजारी बसेको देखिंदा उक्त मुद्दामा जो जे बुझ्नुपर्ने प्रमाण बुझि मुद्दाको अंग पुऱ्याई मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरी फैसला गर्नु होला ।

→ आउदो हप्ताको लागी शुक्रबार नै साप्ताहिक पेशि सूचि निकाल्ने तथा मुद्दा हेर्ने दिनको १०.०० बजे नै दैनिक पेशि सूचि निकाली मुद्दा सुनुवाई गर्ने परिपाटिलाई पालना गर्नु होला भन्ने समेत व्यहोराको गत आ.व. को निर्देशन पालना गरेको नदेखिंदा उक्त परिपाटीलाई अब आइन्दा पूर्ण रुपले पालना गर्नुहोला । साथै इजलाशबाट मुद्दाको सुनुवाई गर्ने परिपाटी थालनी गर्नु होला ।

→ यस कार्यालयमा दर्ता भएका मुद्दाहरुमा धरौटी तथा जमानत लिंदा धरौट तथा जेथा जमानि सम्बन्धी निर्देशिका बमोजिमको कार्य पुरा भएको नदेखिएको र प्रतिवादीहरुले तारेख गुजारेको अवस्थामा प्रमाणीत भएको नदेखिंदा सो तर्फ विशेष ध्यान दिनु होला ।

जिल्ला न्यायाधीश

→ यस कार्यालयको भवन मिति २०७२ सालमा आगजनिमा परि जलेको देखिंएकोले अभिलेख रेकर्ड कुनैपनि देखिदैन । तत् पश्चात कायम भएको र हुने अभिलेख विवरण स्पष्ट र सुरक्षित राख्नु होला ।

→ यस कार्यालयको फैसलाले कायम भएको अशुल हुन बाँकि कैद जरिवानाको र लगत राखेको देखिएन । तसर्थ यस तर्फ विशेष ध्यान दिई लगत खडा गरी असुल गर्ने तर्फ समेत ध्यान दिनु होला ।

→ मुद्दाको सुरु कारवाही वन ऐन, २०४९ को दफा ६५(१) ले दिएको अधिकार प्रयोग गरी काम कारवाही र कार्यविधिमा देखाउनु सक्रियता दक्षता उत्साहजनक पाईयो ।

→ अन्तमा मुद्दा मामिलाको सन्दर्भमा कानूनको उचित प्रक्रिया पुरा गरी सिघ्र न्याय सम्पादन गर्ने कार्यलाई प्रथामिकतामा राखी विधिको शासन सुदृढ बनाउने यात्रामा आगामी दिनमा अझ बढी सफलता हासिल गर्नु हुने छ भन्ने अपक्षा लिइएको छ, साथै निरिक्षणको क्रममा फाँटवाला ना.सु. श्री मिन बहादुर रावल तथा निमित्त वन अधिकृत श्री सन्तोष कुमार झा तथा अन्य कर्मचारीहरु अत्यन्त जिज्ञासु र सहयोगि भई निरिक्षण कार्यमा सहयोग गर्नु भएकोमा धन्यवाद दिन चाहान्छु ।

श्यामलाल घिमिरे
जिल्ला न्यायाधीश

जिल्ला न्यायाधिश

<u>निरिक्षण कार्यमा सहयोग गर्ने:-</u>

श्रेस्तेदार शा.अ. श्री कपिल पौड्याल
ना.सु. श्री टंकप्रसाद खत्री
ना.सु. श्री धर्म बहादुर स्वाँर

इति संवत २०७६ साल वैशाख महिना ६ गते रोज ६ शुभम्...........................................